# कुश्मा नगरपालिका कार्यालय

कुश्मा, पर्बत

**मेलमिलाप चोक सडक मर्मतको सिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना !**

**प्रथम पटक प्रकाशित मिति : २०७२।११।५**

यस कार्यालयलाई आ.ब २०७२।७३ मा सडक मर्मत सम्बन्धि स्विकृत नर्म्स र स्टिमेट अनुसार सिलबन्दी दरभाउपत्रको माध्यम बाट काम गर्नुपर्ने भएको हुंदा सम्बन्धित कार्य गर्न ईजाजत प्राप्त इच्छुक ,फर्महरु बाट निम्न शर्तहरुको अधिनमा रही रीतपूर्वकको सिलबन्दी दरभाउपत्र पेश गर्न आह्वान गरिन्छ ।

१. यो सूचना प्रकाशित मितिले १५ औं दिनसम्म कार्यालय समय भित्र यस कार्यलयबाट चालु आ.ब को लागि नवीकरण भएको निर्माण इजाजत पत्र, आयकर एवं मू.अ.कर दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि र गत आ.ब. को कर चुक्ता गरेको प्रमाणपत्र संग्लन राखी निवेदन दिई रु. ३००।- (तिन सय मात्र) फिर्ता नहुने गरी राजश्व दस्तुर बुझाई यस कार्यलयबाट सिलबन्दि दरभाउपत्र फाराम खरिद गर्न सकिने छ ।

२. खरिद भएको सिलबन्दि दरभाउपत्र यो सूचना प्रकाशित भएको १६ औं दिनको १२ बजे भित्र यस कार्यलयको नाममा सम्बोधन गरी ठेक्का नम्वर, कामको विवरण, सिलबन्दी दरभाउपत्र वालाको नाम, ठेगाना स्पष्ट रुपमा खुलाई सिलबन्दी लाहाछाप गरी यस कार्यलयमा दर्ता गरी सक्नु पर्नेछ ।

३. प्राप्त भएका सिलबन्दी दरभाउपत्रहरु यो सूचना प्रकाशित भएको १६ औं दिनको २.३० बजे उपस्थित भएका सिलबन्दि दरभाउपत्र दाता वा निजका प्रतिनिधिहरु र कार्यालयका प्रतिनिधिहरुको रोहवरमा कार्यालयमा खोलिनेछ । सिलबन्दि दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि सिलबन्दि दरभाउपत्र खोल्न बाधा पुग्ने छैन ।

४. सिलबन्दि दरभाउपत्र खरीद गर्ने, दाखिला गर्ने र खोल्ने दिन सार्वजनिक बिदा परेको खण्डमा उक्त कार्यहरु विदाको लगत्तै कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

५. सिलबन्दि दरभाउपत्र साथ जमानत बापत *रु २४५५५।- ( चौबिस हजार पांच सय पच्पन्न )* रकम यस कार्यालयको ने.बै.ली. स्थित धरौटि खाता नं. ग-३०५६ मा नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा मान्यता प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको बोलपत्र पेशगर्ने अन्तिम मितिबाट कम्तिमा ७५ दिन म्याद भएको विडबण्ड पेश गर्नु पर्नेछ ।

६. सिलबन्दि दरभाउपत्र स्वीकृत भएमा ठेक्का अंकको ५ प्रतिशतले हुने रकम यस कार्यालयको धरौटि खातामा जम्मा गरेको सक्कलै बैंक भौचर वा मान्यता प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको परफरमेन्स बण्ड पेश गर्नु पर्नेछ ।

७. सिलबन्दि दरभाउपत्र शर्त रहित, केरमेट नभएको, कार्यालयले उपलब्ध गराएको सिलबन्दि दरभाउपत्र पुस्तिकामा कुनै थपघट वा द्रष्टव्य नलेखिएको हुनुपर्ने छ । समय भित्र प्राप्त नभएको, रित नपुगेको, सूचनाको शर्त विपरीत भएको सिलबन्दि दरभाउपत्र माथि कारवाही हुनेछैन ।

८. सिलबन्दि दरभाउपत्र साथ पेश गर्ने कागजातहरुको प्रमाणित प्रतिलिपी पेश गर्नु पर्ने छ । आवश्यक परेमा सक्कल समेत माग गरेर जाँच गर्न सकिने छ ।

९. प्राप्त हुन आएको सिलबन्दि दरभाउपत्र स्विकृत गर्ने, रद्द गर्ने, आंसिकरुपमा स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

१०. अन्य कुराको हकमा सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४, स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ तथा अन्य प्रचलित ऐन कानून बमोजिम हुनेछ ।

११. यस सम्बन्धि विस्तृत कुरा बुझ्नु परेमा बोलपत्रदाताहरुले यस कार्यालयमा उपस्थित भई कार्यालय समयमा सम्पर्क राख्न सकिने छ वा फोन नं. ०६७-४२०१४१ /०६७-४२१२७० मा सम्पर्क गर्न सकिने छ ।

**तपशिल**

| सि. नं. | ठेक्का नम्बर | गर्नुपर्ने कामको विवरण | कुल लागत अनुमान भ्याट सहित | दरभाउपत्र मुल्य |
|---|---|---|---|---|
| १ | १/०७२।७३ | मेलमिलाप चोक सडक मर्मत<br>मेलमिलाप चोक कुश्मा पर्बत | ९८२२२२।७८ | रु ३००।- |